# Invitation for Bids

## मालारानी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय, खनदह, अर्घाखाँची

**सिलवन्दी बोलपत्र आह्वान**

प्रथम पटक प्रकाशित मिति २०७८/१०/१७

मालारानी गाउँपालिका, गाउँ कार्यपालिका, खनदह अर्घाखाँची अन्तर्गत तपसिल बमोजिमको **तल उललेखित बिभिन्न सड्कहरुको स्तरउन्नती** कार्यको लागि सिलवन्दी दरभाउ पत्र द्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायिक कर्ताहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको शिलबन्दी दरभाउपत्र मार्फत आह्वान गरिन्छ ।

१. शिलबन्दी दरभाउपत्र दस्ततुर रु १०००।०० एकहजार (फिर्ता नहुने गरी) यस कार्यालयको **मेघा बैंक खनदह शाखामा रहेको आन्तरिक राजश्व हि.नं.००४००१०११९७४३** जम्मा गरेको भौचर सहित आ.व.२०७८/०७९ सम्म मान्य भएको फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाण पत्र, व्यावसाय दर्ताको इजाजत र मू.अ. करमा दर्ता भएको प्रमाणपत्र आ.व.२०७८/०७९ सम्म मान्य भएको कर चुक्ता प्रमाणपत्र वा म्याद थप पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी मिति २०७८/११/०२ गते कार्यालय समय सम्म मालारानी गाउपालिकाको कार्यालय बाट शिलबन्दी दरभाउपत्र खरिद गर्न सकिने छ ।

२. शिलबन्दी दरभाउपत्र फारामहरुमा उल्लेख भएका भर्नुपर्ने सबै विवरणहरु प्रष्टसँग भरी मिति २०७८/११/०३ गते दिउसो १२.०० बजे भित्र यस कार्यालयमा शिलबन्दी दरभाउपत्र दर्ता गराउनु पर्नेछ । दर्ता भएका शिलबन्दी दरभाउपत्र मिति २०७८/११/०३ गते दिनको १:०० बजे कार्यालयका प्रतिनिधि ; बोलपत्रदाता एवं प्रतिनिधिहरुको रोहवरमा यसै कार्यालयमा खोलिने छ । शिलबन्दी दरभाउपत्र दाता वा निजका प्रतिनधिहरु उपस्थित नभएमापनि शिलबन्दि दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

३. शिलबन्दी दरभाउपत्र फाराम साथ तपसिलमा उल्लेखित जमानत धरौटी वापतको रकम यस कार्यालयको खनदह स्थित **मेघा बैंक ००४००१००८२२४३** खातामा नगद जम्मा गरेको भौचर वा यस कार्यालयको नाममा जारी भएको बैक जमानत (बोलपत्र दाखिला गर्ने अन्तिम मितिदेखि ७५ दिनसम्मको म्याद भएको) संलग्न गर्नु पर्ने छ ।

४. शिलबन्दी दरभाउपत्र खरिद गर्ने/दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा विदापछि कार्यालय खुलेको दिन हुनेछ ।

५. यसमा उल्लेखित सर्तहरु यसै बमोजिम र उल्लेख नभएका शर्तहरु प्रचलित कानून बमोजिम हुनेछ । साथै शिलबन्दी दरभाउ पत्र स्वीकृत/अस्वीकृत गर्ने अधिकार कार्यालयमा निहित रहेन छ ।

६. बोलपत्र सम्बन्धी अन्य जानकारी लिनु परेमा कार्यालय समय भित्र **९८५७०२३६२९/९८५७०६१४७२/९८५७०६६४३२** मा सम्पर्क गर्न वा**malaraniruralmun@gmail.com/hariji629@gmail.com** मा पठाउन सकिनेछ ।

७. दरभाउपत्र खरिद दस्तुर, लागत रकम र विडवण्ड रकमको विवरण निम्न अनुसार छ ।

मालारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

रमेश पन्थी
**प्रमुख प्रशासकीय अधिकृत**

## तपसिल

| ठेक्का नं. | ठेक्काको नाम | बोलपत्र दस्तुर रु | बिडबण्ड वा धरौटी रकमरु | इस्टिमेट अंक भ्याट बाहेक | बिडबण्ड मान्यथवधि | खरिद गर्ने अन्तिम मिति र समय | दाखिला गर्ने मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| SQ/CON/ MRM /R/ 28/2078/ 079 | रागामारे पाल्ले हल्दे मोटरबाटो स्तरउन्नती कार्य मालारानी ९ गोखुङ्गा | १०००।०० | २५,५००।०० | ८८७०३५.०४ | ४५ दिन | २०७८/११/०२ दिनको ४ बजे सम्म | २०७८/११/०३ दिनको १२ बजे सम्म | २०७८/११/०३ दिनको १बजे सम्म |
| SQ/CON/ MRM /R/ 29/2078/ 079 | तल्ला हल्दे भुल्के मोटरबाटो स्तरउन्नती कार्य मालारानी ९ गोखुङ्गा | १०००।०० | २५,५००।०० | ८८३१५१.७५ | ४५ दिन | २०७८/११/०२ दिनको ४ बजे सम्म | २०७८/११/०३ दिनको १२ बजे सम्म | २०७८/११/०३ दिनको १बजे सम्म |
| SQ/CON/ MRM /R/ 30/2078/ 079 | पैयाछेडा टाकुरा बजेनी ठद्रा खोला पैयापाटा प्यूठान जोड्ने मोटरबाटो स्तरउन्नती कार्य मालारानी ८ | १०००।०० | २५,५००।०० | ८८३१७८.३७ | ४५ दिन | २०७८/११/०२ दिनको ४ बजे सम्म | २०७८/११/०३ दिनको १२ बजे सम्म | २०७८/११/०३ दिनको १बजे सम्म |

मालारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

रमेश पन्थी
(प्रमुख प्रशासकिय अधिकृत)

रमेश पन्थी
प्रमुख प्रशासकीय अधिकृत